# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२/०५/३१

## प्रेस विज्ञप्ति

तराई पोस्टका पत्रकार बसन्त लामालाई एक समुहले आक्रमण गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ । आज बिहान बाराको निजगढ नगरपालिका वडा नं १ स्थित बन्सथली हाट बजार नजिकै मोटरसाइकलमा आएको एक समुहले कुटपिट गर्दा लामाको शरीरका विभिन्न भागमा चोट लागेको छ । महासंघ लामाको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

आन्दोलनको क्रममा काठ तस्करी बढेको आशयको समाचार प्रकाशन गरेको विषयलाई लिएर आक्रमण भएको महासंघ बारा शाखाले जनाएको छ ।

समाचारप्रतिको असहमति विधिसम्मत समाधान गर्न सकिने प्रावधान विपरीत पत्रकारमाथि भएको आक्रमण प्रेस स्वतन्त्रताको ठाडो उल्लंङ्घन हो, खेदजनक कार्य हो । अतः महासंघ घटनाको सत्यतथ्य छानबिन गरि दोषीलाई हदैसम्मको कारबाही गर्न माग गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org